खोपले 3 हप्ताको अन्तरालमा 2 डोज लगाइसकेपछि COVID-19 को रोकथाम गर्ने देखिएको छ । यो खोप लगाउनाले कति समयसम्म COVID-19 बाट जोगाउँछ भन्ने कुरा हाल पत्ता लागिसकेको छैन ।

**COMIRNATY (COVID-19 खोप, mRNA) र PFIZER-BIONTECH COVID-19 खोपका जोखिमहरू के-के छन् ?**

खोपले गम्भीर एलर्जीजन्य प्रतिक्रिया हुन सक्ने झिनो सम्भावना हुन्छ । सामान्यतया खोपको डोज लगाएको केही मिनेटदेखि एक घण्टाभित्र गम्भीर एलर्जीजन्य प्रतिक्रिया देखिन्छ । यस कारणले गर्दा, तपाईंको खोप प्रदायकले निगरानीका लागि तपाईंलाई खोप लगाइएको ठाउँमा एकछिन बस्न आग्रह गर्न सक्नुहुन्छ ।

गम्भीर एलर्जीजन्य प्रतिक्रियाका लक्षणहरूमा निम्नलगायत पर्न सक्छन्:

- सास फेर्न गाह्रो हुने
- अनुहार र घाँटी सुन्निने
- मुटुको धड्कन बढ्ने
- शरीरभरि नराम्रो डाबर उठ्ने
- रिङ्गटा लाग्ने र कमजोरी महसुस हुने

COMIRNATY (COVID-19 खोप, mRNA) वा Pfizer-BioNTech COVID-19 खोप लगाएका केही मानिसहरूमा मायोकार्डिटिस (मुटुको मांसपेशी सुन्निने अवस्था) र पेरिकार्डिटिस (मुटु बाहिरको तह सुन्निने अवस्था) भएको छ । यीमध्ये अधिकांश मानिसहरूमा, खोपको दोस्रो डोज लगाएको केही दिनभित्र लक्षणहरू देखिन सुरू भएको थियो । यस्तो हुने सम्भावना एकदमै कम हुन्छ । यदि तपाईंलाई खोप लगाइसकेपछि निम्नमध्ये कुनै पनि लक्षणहरू देखिएमा तुरुन्तै चिकित्सकीय सेवा लिनुपर्दछ:

- छाती दुख्ने
- स्वाँस्वाँ हुने
- मुटुको धड्कन छिटो-छिटो चल्ने वा मुटु ढुकढुक भएको महसुस हुने

COMIRNATY (COVID-19 खोप, mRNA) वा Pfizer-BioNTech COVID-19 खोपसँग सम्बन्धित निम्न लगायतका साइड इफेक्टहरू रिपोर्ट गरिएको छ:

- गम्भीर एलर्जीजन्य प्रतिक्रियाहरू
- गैर-गम्भीर एलर्जीजन्य प्रतिक्रियाहरू, जस्तै डाबर आउने, चिलाउने, खटिरा आउने वा अनुहार सुन्निने
- मायोकार्डिटिस (मुटुको मांसपेशी सुन्निने अवस्था)
- पेरिकार्डिटिस (मुटु बाहिरको तह सुन्निने अवस्था)
- सुई लगाएको ठाउँमा दुख्ने
- थकाइ लाग्ने
- टाउको दुख्ने
- मांसपेशी दुख्ने
- काम छुट्ने
- जोर्नी दुख्ने
- ज्वरो आउने
- सुई लगाएको ठाउँमा सुन्निने
- सुई लगाएको ठाउँ रातो हुने
- वाकवाकी लाग्ने
- बिसञ्चो महसुस हुने
- लिम्फ नोडहरू सुन्निने (लिम्फाडेनोप्याथी)
- पखाला लाग्ने
- बान्ता आउने
- पाखुरा दुख्ने

यी मात्र खोपका सबै सम्भावित साइड इफेक्टहरू नहुन सक्छन् । गम्भीर र अप्रत्याशित साइड इफेक्टहरू हुन सक्छन् । खोपका सम्भावित साइड इफेक्टहरूका बारेमा अझै पनि क्लिनिकल परीक्षणहरूमा अध्ययन भइरहेको छ ।

## साइड इफेक्टहरू देखिएमा मैले के गर्नुपर्छ ?

यदि तपाईंले कुनै गम्भीर एलर्जीजन्य प्रतिक्रिया अनुभव गर्नुभयो भने 9-1-1 मा फोन गर्नुहोस् वा नजिकको अस्पताल जानुहोस् ।

यदि तपाईंलाई कुनै पनि साइड इफेक्टले गर्दा समस्या भयो वा साइड इफेक्टहरू हराएर गएनन् भने खोप प्रदायक वा आफ्नो स्वास्थ्य सेवा प्रदायकलाई सम्पर्क गर्नुहोस् ।

खोपका साइड इफेक्टहरूका बारेमा FDA/CDC खोप प्रतिकूल घटना रिपोर्टिङ प्रणाली (VAERS) मा रिपोर्ट गर्नुहोस् । VAERS को टोल फ्री नम्बर 1-800-822-7967 हो वा अनलाइनमा https://vaers.hhs.gov/reportevent.html मा रिपोर्ट गर्नुहोस् । कृपया रिपोर्ट फारामको बाकस #18 को पहिलो लाइनमा उपयुक्त भए बमोजिम "COMIRNATY (COVID-19 Vaccine, mRNA)" वा "Pfizer-BioNTech COVID-19 Vaccine EUA" मध्ये कुनै एक उल्लेख गर्नुहोस् ।

यस बाहेक, तपाईंले तल प्रदान गरिएको सम्पर्क विवरणमा Pfizer Inc. लाई साइड इफेक्टहरूका बारेमा रिपोर्ट गर्न सक्नुहुन्छ ।

| वेबसाइट | फ्याक्स नम्बर | टेलिफोन नम्बर |
|---|---|---|
| www.pfizersafetyreporting.com | 1-866-635-8337 | 1-800-438-1985 |

तपाईंलाई v-Safe मा नाम दर्ता गर्ने विकल्प पनि दिन सकिन्छ । V-safe भनेको स्वेच्छिक रूपमा सामेल हुन सकिने स्मार्टफोनमा उपलब्ध टुल हो । यसले टेक्स्ट म्यासेज पठाउने सुविधा तथा वेब सर्वेक्षणहरू प्रयोग गरेर COVID-19 खोप लगाएपछि खोप लगाउने मानिसहरूमा देखिने सम्भावित साइड इफेक्टहरू पहिचान गर्छ । V-safe ले CDC लाई COVID-19 का खोपहरू कत्तिको सुरक्षित छन् भनेर निगरानी राख्नमा मद्दत गर्नका लागि खोप लगाउने व्यक्तिलाई प्रश्नहरू सोध्छ । यदि आवश्यक परको खण्डमा V-safe ले खोपको दोस्रो डोज लगाउन स्मरण पनि गराउँछ । त्यस्तै, यो टुलमा सामेल हुने व्यक्तिले COVID-19 को खोप लगाएपछि उल्लेख्य किसिमको साइड इफेक्टका बारेमा रिपोर्ट गरेमा CDC मार्फत प्रत्यक्ष टेलिफोन फलोअप पनि गरिन्छ । यो सेवामा कसरी साइन अप गर्ने बारेमा थप जानकारीका लागि यस वेबसाइटमा जानुहोस्: www.cdc.gov/vsafe ।

## यदि मैले COMIRNATY (COVID-19 खोप, mRNA) वा PFIZER-BIONTECH COVID-19 खोप नलगाउने निर्णय गरेँ भने के हुन्छ ?

EUA अन्तर्गत, खोप लगाउने-नलगाउने तपाईंको रोजाइको कुरा हो । यदि खोप नलगाउने निर्णय गर्नुभयो भने यसले तपाईंको मानक चिकित्सकीय सेवामा परिवर्तन ल्याउँदैन ।

## के COMIRNATY (COVID-19 खोप, mRNA) वा PFIZER-BIONTECH COVID-19 खोप बाहेक COVID-19 को रोकथामका लागि अन्य विकल्पहरू उपलब्ध छन् ?

आपत्कालीन प्रयोग अनुमतिअन्तर्गत COVID-19 को रोकथामका लागि अन्य खोपहरू उपलब्ध हुन सक्छन् ।

## के मैले COMIRNATY (COVID-19 खोप, mRNA) वा PFIZER-BIONTECH COVID-19 खोप अन्य खोप लगाउँदा सँगै लगाउन सक्छु ?

COMIRNATY (COVID-19 खोप, mRNA) वा Pfizer-BioNTech COVID-19 खोप अन्य खोपहरूसँग एकै समयमा लगाउने सम्बन्धमा FDA मा अहिलेसम्म डाटा पेश गरिएको छैन । यदि तपाईंले COMIRNATY (COVID-19 खोप, mRNA) वा Pfizer-BioNTech COVID-19 खोप अन्य खोपहरूसँगै लगाउने बारेमा सोच्दै हुनुहुन्छ भने आफ्ना विकल्पहरूका बारेमा आफ्नो स्वास्थ्य सेवा प्रदायकसँग छलफल गर्नुहोस् ।

## यदि मेरो रोग प्रतिरोधात्मक क्षमता कमजोर छ भने के हुन्छ ?

यदि तपाईंको रोग प्रतिरोधात्मक क्षमता कमजोर छ भने तपाईंले खोपको तेस्रो डोज प्राप्त गर्न सक्नुहुनेछ । रोग प्रतिरोधात्मक क्षमता कमजोर भएका मानिसहरूमा तेस्रो डोजले पनि COVID-19 विरुद्ध पूर्ण प्रतिरक्षा प्रदान नगर्न सक्छ र तपाईंले COVID-19

को रोकथाम गर्नमा सघाउनका लागि शारीरिक सावधानीहरू अपनाउन जारी राख्नुपर्छ । यस बाहेक, उपयुक्त भए अनुसार तपाईंको निकट सम्पर्कमा आउनेहरूले खोप लगाउनु पर्छ ।

**यदि म गर्भवती छु वा मैले बच्चालाई स्तनपान गराइरहेकी छु भने के मैले यो खोप लगाउनुहुन्छ ?**

यदि तपाईं गर्भवती हुनुहुन्छ वा स्तनपान गराइरहनुभएको छ भने आफ्नो स्वास्थ्य सेवा प्रदायकसँग आफूसँग उपलब्ध विकल्पहरूका बारेमा छलफल गर्नुहोस् ।

**के COMIRNATY (COVID-19 खोप, mRNA) वा PFIZER-BIONTECH COVID-19 खोप लगाउनाले मलाई COVID-19 लाग्छ ?**

लाग्दैन । खोपमा SARS-CoV-2 समावेश गरिएको हुँदैन र यो खोप लगाउनाले तपाईंलाई COVID-19 रोग लाग्दैन ।

## आफ्नो खोप कार्ड सुरक्षित राख्नुहोस्

आफ्नो पहिलो डोज लगाएपछि तपाईंलाई आफ्नो दोस्रो डोज वा यदि तपाईंको रोग प्रतिरोधात्मक प्रणालीमा कुनै प्रकारको कमजोरी छ भने COMIRNATY (COVID-19 खोप, mRNA) वा Pfizer-BioNTech COVID-19 खोपको तेस्रो डोज लगाउन कहिले आउने भनेर देखाउनका लागि तपाईंले एउटा खोप कार्ड प्राप्त गर्नुहुन्छ । तपाईं फेरि आउँदा आफ्नो कार्ड लिएर आउन नबिर्सनुहोस् ।

**थप जानकारी**
यदि तपाईंसँग कुनै प्रश्न भएमा वेबसाइटमा जानुहोस् वा तल दिइएको टेलिफोन नम्बरमा फोन गर्नुहोस् ।

सबैभन्दा ताजा जानकारीमूलक सामग्री पढ्न कृपया तल दिइएको QR कोड स्क्यान गर्नुहोस् ।

| विश्वव्यापी वेबसाइट | टेलिफोन नम्बर |
| --- | --- |
| www.cvdvaccine.com | 1-877-829-2619<br>(1-877-VAX-CO19) |

## मैले यसबारे थप जानकारी कसरी प्राप्त गर्न सक्छु ?

- खोप प्रदायकलाई सोध्नुहोस् ।
- CDC को वेबसाइट https://www.cdc.gov/coronavirus/2019-ncov/index.html मा जानुहोस् ।
- FDA को वेबसाइटhttps://www.fda.gov/emergency-preparedness-and-response/mcm- legal-regulatory-and-policy-framework/emergency-use-authorization मा जानुहोस् ।
- आफ्नो स्थानीय वा राज्यको जनस्वास्थ्य विभागलाई सम्पर्क गर्नुहोस् ।

## मैले खोप लगाएको जानकारीको अभिलेख कहाँ राखिनेछ?

खोप प्रदायकले तपाईंको खोपसम्बन्धी विवरण तपाईंको राज्य/स्थानीय अधिकार क्षेत्रभित्रको खोप सूचना प्रणाली (IIS) वा अन्य तोकिएको प्रणालीमा समावेश गर्न सक्नेछ । यसले तपाईंले दोस्रो डोज लगाउन आउँदा तपाईंले समान खोप प्राप्त गर्नुहुनेछ भन्ने कुरा सुनिश्चित गर्नेछ । IIS हरूका बारेमा थप जानकारीका लागि यहाँ जानुहोस्:https://www.cdc.gov/vaccines/programs/iis/about.html ।

## के मैले COVID-19 खोप लगाए बापत शुल्क तिर्नुपर्ने हुनसक्छ ?

पर्दैन । यस समयमा, प्रदायकले तपाईंलाई खोप लगाए बापत शुल्क लगाउन सक्दैनन् र यदि तपाईंले COVID-19 खोप मात्र लगाउँदै हुनुहुन्छ भने तपाईंलाई आफ्नो खल्तीबाट खोप लगाएको शुल्क वा अन्य कुनै पनि शुल्क तिराउन मिल्दैन । यद्यपि, खोप प्रदायकहरूले खोपका प्रापकका लागि COVID-19 खोप लगाएको शुल्क भुक्तानी गरिदिने कार्यक्रम वा योजनाबाट उचित सोधभर्ना माग गर्न सक्नेछन् (निजी बीमा, मेडिकेयर, मेडिकेड, स्वास्थ्य स्रोत तथा सेवा प्रशासन [HRSA], बीमा नभएका खोपका प्रापकहरूका लागि COVID-19 अबीमित कार्यक्रम) ।

## ठगीको मामला शङ्का लागेमा मैले कहाँ रिपोर्ट गर्न सक्छु ?

CDC को COVID-19 खोप कार्यक्रमका मापदण्डहरूको कुनै पनि सम्भावित उल्लङ्घनका बारेमा थाहा पाउने जोकोहीलाई अमेरिकी स्वास्थ्य तथा मानव सेवा विभागको इन्स्पेक्टर जनरलको कार्यालयलाई निम्न नम्बर वा वेबसाइटमार्फत रिपोर्ट गर्न आग्रह गरिन्छः
1-800-HHS-TIPS वा https://TIPS.HHS.GOV ।

## काउन्टरमेजर चोटपटक क्षतिपूर्ति कार्यक्रम भनेको के हो ?

काउन्टरमेजर चोटपटक क्षतिपूर्ति कार्यक्रम (CICP) भनेको यो खोप लगायत निश्चित प्रकारका औषधि वा खोपहरूको कारणले गम्भीर रूपमा चोटपटक लागेका निश्चित मानिसहरूका लागि औषधोपचारको खर्च र अन्य विशेष खर्चहरू भुक्तानीमा मद्दत गर्न सक्ने संघीय कार्यक्रम हो । सामान्यतया, यो क्षतिपूर्ति प्राप्त गर्न खोप लगाएको मितिदेखि एक (1) वर्षभित्र CICP मा अनिवार्य रूपमा दाबी पेश गरिनुपर्छ । यस कार्यक्रमका बारेमा थप जानकारी प्राप्त गर्न www.hrsa.gov/cicp/ मा जानुहोस् वा 1-855-266-2427 मा फोन गर्नुहोस् ।

## आपत्कालीन प्रयोग अनुमति (EUA) भनेको के हो ?

आपत्कालीन प्रयोग अनुमति (EUA) भनेको हालको COVID-19 महामारी जस्ता जनस्वास्थ्यका आपत्कालीन अवस्थाहरूमा खोपलगायत चिकित्सकीय उत्पादनहरूको उपलब्धता र प्रयोगलाई सहजीकरण गर्नका लागि अपनाइने संयन्त्र हो । COVID-19

महामारीको समयमा औषधि तथा जैविक उत्पादनहरूको आपत्कालीन प्रयोगलाई न्यायसङ्गत सिद्ध गर्ने परिस्थितिहरू विद्यमान रहेको स्वास्थ्य तथा मानव सेवा (HHS) का सेक्रेटरीले गर्नुभएको घोषणाबमोजिम EUA लाई समर्थन गरिएको छ ।

पर्याप्त, स्वीकृत र उपलब्ध विकल्पहरू नभएको अवस्थाहरू लगायत केही निश्चित मापदण्डहरू पूरा हुँदा FDA ले EUA जारी गर्न सक्छ । त्यस बाहेक, FDA को निर्णय COVID-19 महामारीको समयमा COVID-19 को रोकथामका लागि प्रभावकारी हुन सक्छ र उत्पादनका ज्ञात तथा सम्भावित लाभहरू यसका ज्ञात तथा सम्भावित जोखिमहरूभन्दा बढी हुन्छ भन्ने कुरा प्रमाणित गर्ने उपलब्ध वैज्ञानिक प्रमाणहरूको सम्पूर्णतामा आधारित छ । COVID-19 महामारीको समयमा उत्पादन बिरामीहरूको उपचारमा प्रयोग गर्नका लागि यी सबै मापदण्डहरू अनिवार्य रूपमा पूरा हुनुपर्छ ।

Pfizer-BioNTech COVID-19 खोप र COMIRNATY का लागि यो EUA HHS का सेक्रेटरीले EUA लाई न्यायसङ्गत सिद्ध गर्ने परिस्थितिहरू अब विद्यमान छैनन् भनेर निर्धारण गरेपछि वा त्यस्तो EUA को आवश्यकता नहुने गरी उत्पादनको स्वीकृतिको स्थितिमा परिवर्तन भएपछि समाप्त हुन्छ ।

Pfizer

उत्पादक:
Pfizer Inc., New York, NY 10017

BIONTECH

निम्नका लागि उत्पादन गरिएको:
BioNTech Manufacturing GmbH
An der Goldgrube 12
55131 Mainz, Germany

LAB-1451-7.2

संशोधन गरिएको मिति: 23 अगस्त 2021

यो जानकारीमूलक सामग्री इलेक्ट्रोनिक मेडिकल रेकर्ड / खोप सूचना प्रणालीका लागि खोप लगाउने सेवाग्राहीलाई प्रदान गरिएको थियो भन्ने कुरा क्याप्चर गर्न स्क्यान गर्नुहोस् ।

बारकोड मिति: 08/2021